# जानकी गाउँपालिकाको विपद् राहत वितरण मापदण्ड, २०८०

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टुगौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

# जानकी गाउँपालिका विपद् राहत वितरण मापदण्ड २०८०

## १. प्रस्तावना

जानकी गाउँपालिका विभिन्न प्रकोपहरुसंग सम्मुख रहेको, प्रकोपहरु विपद्को रुपमा परिवर्तन भै आपतकालीन अवस्था आउने गरेको र जीउधनको क्षति भैरहेको, क्षति नोक्सानी कम गर्ने उदेश्यले स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२), गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७७को दफा १८ ले दिएको अधिकार प्रयोग गरी जानकी गाउँपालिकाले विपत राहत वितरण मापदण्ड २०८० जारी गरिएको छ ।

## २. नाम र परिभाषा

१ **संक्षिप्त नाम र प्रारम्भ :** यस मापदण्डको नाम जानकी गाउँपालिका विपद् राहत वितरण मापदण्ड २०८० रहनेछ । यो मापदण्ड कार्यपालिका बैठकबाट स्वीकृत भएपछि लागू हुनेछ ।

२ **विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा**

(क) "अध्यक्ष " भन्नाले जानकी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ख) "उपाध्यक्ष " भन्नाले जानकी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(ग) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले जानकी गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ ।

(घ) "गैर प्राकृतिक विपद् " भन्नाले महामारी, अनिकाल, डढेलो, सर्पदंश, जनावर आतङ्क, हवाई, सडक, जल वा औधोगिक दुर्घटना, आगलागी, ग्याँस विष्फोटन, वातावरणीय प्रदुषण, वन विनास वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा अन्य गैर प्राकृतिक कारणले उतपन्न विपद् सम्झनुपर्छ ।

(ङ) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, अतिवृष्टि, अनाबृष्टि, बाढी, भुस्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी बिस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनुपर्छ ।

(च) "विपद्" भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जनधनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनुपर्छ ।

(छ) "आपतकालीन अवस्था" भन्नाले जन वा धनको क्षति हुन नदिन वा कम गर्नका लागि तत्कालै उद्धार गर्नुपर्ने विपदको अवस्था सम्झनुपर्छ ।

(ज) "केन्द्र" भन्नाले जानकी गाउँपालिकामा रहेको आपतकालीन कार्य सञ्चालन केन्द्र सम्झनुपर्छ ।



नारायण बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

२०८०।०४।१८
गंगा चौधरी
अध्यक्ष

(झ) "विपद व्यवस्थापन समिति" भन्नाले जानकी गाउँपालिकाको विपद व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(ञ) "सरोकारवाला निकाय" भन्नाले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विपद व्यवस्थापन र राहत कार्यमा संलग्न हुने वा हुन सक्ने सरकारी तथा गैर सरकारी निकायहरु र सामुदायिक सङ्घ संस्थालाई सम्झनु पर्छ र सो शब्दले संयुक्त राष्ट्रसंघीय वा अन्य अन्तराष्ट्रिय सङ्घ संस्थालाई समेत जनाउँछ ।

(ट) "राहत" विपद्को समयमा वा विपद्बाट प्रभावित हुन सक्ने अवस्थामा जीवन सुरक्षा गर्न, जीउ धनमाथि असर कम गर्न, मानवीय पीडा कम गर्न र मानवीय आत्मसम्मान सुनिश्चित गर्न प्रदान गरिने नगद र जिन्सि सहयोगलाई जनाउँछ ।

(ठ) "आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य योजना" भन्नाले जानकी गाउँपालिकाको आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य योजनालाई जनाउँछ ।

(ड) "आपतकालीन कोष" भन्नाले जानकी गाउँपालिकाले स्थानीय विपद् व्यवस्थापन कोषलाई जानउँछ

(ढ) "विषयगत क्षेत्र" भन्नाले जानकी गाउँपालिकाको आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयन गर्ने सांगठनात्मक संरचनामा रहेको र विभिन्न विषयमा पूर्वतयारी तथा प्रतिकार्य गर्ने समुह वा कार्यटोलीलाई सम्झनुपर्छ ।

## ३. राहत व्यवस्थापन तथा वितरण समन्वय समितिको गठन

जानकी गाउँपालिका क्षेत्रभित्र प्राकृतिक एवं गैर प्राकृतिक विपद्मा परेका गाउँपालिका बासी तथा उनीहरुका परिवारलाई राहत वितरण गर्न देहाय बमोजिम राहत वितरण समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख.) गाउँपालिका उपाध्यक्ष- सदस्य

(ग.) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(घ.) वन वातावरण विपद् व्यवस्थापन समिति संयोजक- सदस्य

(ङ) पूर्वाधार शाखा प्रमुख- सदस्य

(च.) आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य

(छ.) जिन्सी शाखा प्रमुख - सदस्य

(ज.) विपद् व्यवस्थापन शाखा प्रमुख- सदस्य सचिव

## ४. राहत व्यवस्थापन तथा वितरण समन्वय समितिको काम, कर्तव्य र अधिकार



नारायण बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

२०८०/०४/१८
अध्यक्ष

(१) राहत वितरणको लागि आपतकालीन कोषमा आवश्यक रकम जम्मा गर्ने ।

(२) विपदबाट प्रभावित भएका परिवार तथा व्यक्तिको विवरण संकलन गर्न निर्देशन दिने ।

(३) राहत वितरण गर्दा प्राथमिकताको आधारमा राहत वितरण गर्न लगाउने ।

(४) विषयगत क्षेत्रलाई विषयगत क्षेत्रको राहत सामाग्रीको सूची तयार गर्न लगाई सो अनुसार मात्र राहत वितरण गर्न लगाउने ।

(५) राहत वितरण कार्य गाउँपालिका स्तरीय आपतकालीन कार्यसंचालन केन्द्रको समन्वयमा एकद्वार प्रणाली मार्फत गर्न लगाउने ।

(६) राहत वितरण कार्यको अनुगमन तथा मूल्याँकन गर्ने ।

(७) आवश्यकता अनुसार वडास्तरमा वडास्तरीय राहत वितरण तथा समन्वय समितिहरु गठन गरी विषयगत क्षेत्रमा हुने राहत वितरणमा सहभागी गराउने ।

(८) जिल्ला विपद् व्यवस्थापन समितिसँग छलफल गरी केन्द्रमार्फत राहत रकम प्रभावितहरुको लागि उपलब्ध गराउने ।

### (५) राहत वितरणको लागि अपनाइने सिद्धान्तहरु

गाउँपालिकाले राहत वितरणका लागि निम्नानुसारका सर्बमान्य मानवीय सहयोग सम्बन्धी सिद्धान्तहरु आत्मसाथ गर्नेछ ।

| मानवीयता | तटस्थता | निष्पक्षता | स्वतन्त्रता |
|---|---|---|---|
| राहत वितरणको उद्धेश्य जीउधन तथा स्वास्थ्य संरक्षण गर्ने रहनेछ । | राहत वितरण गर्दा गाउँपालिकाले कुनै विशेष वर्ग, समुह, जाति, धर्म वा राजनीतिक आस्थाको पक्ष लिने छैन । | आपतकालीन आवश्यकतालाई ध्यानमा राख्दै तत्कालीन आवश्यकतालाई सुधार मानिनेछ र कुनै पनि समुहको पक्ष लिइने छैन। | राहत वितरण कार्य कुनै पनि राजनीतिक, आर्थिक वा सैन्य उद्धेश्य सँग जोडिने छैन । |

माथिका सिद्धान्तहरु गाउँपालिका तथा मानवीय सहयोग गर्ने संघसंस्थामा पनि लागु हुनेछ । यसका साथै मानवीय सहयोग उपलब्ध गराउने संघ संस्थाले राहत वितरण कार्य गर्दा राजनीतिक, धार्मिक साम्प्रदायिक,



नारायण बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

२०८०/०४/१६
गणेश चौधरी
अध्यक्ष

जातीय तथा साँस्कृतिक प्रभाव पार्न पाइने छैन । राहत वितरण गर्दा गाउँपालिकाले अन्तराष्ट्रिय तथा राष्ट्रिय मापदण्डलाई आत्मसाथ गर्नेछ । आत्मसाथ गरिने केही मापदण्डहरु यस प्रकारका रहेको छन् :

१) मानवीय वडापत्र तथा मानवीय प्रतिकार्यका मापदण्ड (Sphere मापदण्ड)

२) आधारभूत मानवीय मापदण्ड

३) विपद् पिडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०६४ (सातौं संशोधन २०७७)

**६. विपद् प्रभावित वर्गिकरण :**

गाउँपालिकामा आइपर्ने विपदबाट प्रभावितहरुको वर्गिकरण देहाय बमोजिम हुनेछ ।

(क.) प्रभावित

प्राकृतिक वा मानव सिर्जित विपद् जस्तै: भुकम्प, बाढी, पहिरो, आगलागी, महामारी, अनिकाल, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, सर्पदंश, जनावर आतङ्क आदी बाट सामान्य क्षति भएका व्यंक्ति परिवार तथा संघ संस्थाहरु यस वर्गमा पर्दछन ।

(ख.) आंशिक प्रभावित:

प्राकृतिक वा मानव सृजित विपद् बाट प्रभावित भएकाहरु जस्तै:घरमा सामान्य क्षति भएका तर बस्नलायक, बाढीपहिरोले खेतवारी सामान्य क्षति पुर्याएका, आगलागी भई घर तथा मानव जन, चौपाया, पशुपंक्षीमा सामान्य भौतिक क्षति भएकाहरु यस वर्गमा पर्दछन ।

(ग.) अति प्रभावित

प्राकृतिक वा मानव सृजित विपद् बाट प्रभावित भई जनधनको क्षति व्यहोराका परिवारका सदस्य मृत्यु भएका, बसोबास गर्ने घर एवं अन्य भौतिक पूर्वाधार नष्ट भएका, अङ्गभङ्ग भई जिविकोपार्जनका लागि अन्य माथी आश्रित हुन पुगेकाहरु यस वर्गमा पर्दछन ।

(घ.) विशेष आवश्यकता भएका व्यक्तिहरु:ज्येष्ठ नागरिक, बालबालिका, अपांगता भएका व्यक्ति, विरामी, एकल महिला, सुत्केरी तथा गर्भवती महिला, रोजगारी वा नियमित आयश्रोत नभएका परिवार, वालवालिका, सुकुम्वासी, आदि

(ङ.) मौसम पूर्वानुमानको सूचनाको आधारमा संभावित क्षति हुन सक्ने परिवार तथा नागरिकहरु पहिचान हुन सकेको खण्डमा अग्रिम नगद सहयोग गर्न सकिनेछ ।

**७. राहतको परिणाम**



नारायण बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

२०८०।०४।१६
गणेश चौधरी
अध्यक्ष

१. विपद पीडित उद्धार र राहत मापदण्डलाई आधार मानी विपद् प्रभावित व्यक्ति तथा परिवारलाई निम्नानुसारको राहत उपलब्ध गराइनेछः

(क) विपद प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद् प्रभावितहरुलाई दफा ६(क) वर्गिकरणमा परेकाहरुलाई बढीमा ५ हजार सम्म उपलब्ध गराउने ।

(ख) प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद् प्रभावितहरुलाई दफा ६(ख) वर्गिकरणमा परेकाहरुलाई प्रति परिवार ७ हजार सम्म उपल्बध गराउने ।

(ग) प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद् प्रभावितहरुलाई दफा ६(ग) वर्गिकरणमा परेकाहरुलाई देहाय बमोजिम राहत उपलब्ध गराउने ।

अ. परिवारका एक जना सदस्यको मृत्यू भएमा रु २५ हजार र थप प्रतिव्यत्ती रु १५ हजार

आ. घरवार विहिन भएका परिवारलाई प्रति परिवार १४ हजार

इ. अङ्गभङ्ग भएका परिवारलाई प्रति व्यत्ती ५ हजार

ई. शारिरिक रुपमा घाइते भई उपचारत अवश्थामा रहेका प्रति व्यत्ति ७ हजार

उ. विपद्को घटनामा परी कुनै परिवारमा सबै व्यक्तिको समेत मृत्यु भएमा कसैलाई पनि राहत रकम उपलब्ध नगराउने ।

उ. प्राकृतिक प्रकोप तथा मानविय कारणबाट पशु चौपाया तथा गोठको क्षति भएमा देहाय बमोजिम सहयोग गरिनेछ ।

| क्र स | आर्थिक सहयोग गर्ने क्षेत्र | रकम |
|---|---|---|
| १ | पशु गोठ नष्ट भएमा प्रति गोठ | ५०००-१००००। |
| २ | कुखुराको खोर नष्ट भएमा प्रति खोर | २०००-६०००। |
| ३ | गाई,गोरु तथा रागाँ भैसी प्रति गोटा | ४०००। |
| ४ | बोका बाख्रा भेडा बंगुर प्रति गोटा | ३०००। |
| ५ | हाँस कुखुरा प्रति गोटा | २००। |
| ६ | माछा पोखरी ५०८ वर्ग मि./ सो भन्दा माथी | ४०००/२५०००। बढीमा |

नारायण बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत



२०८०।०४।१५
गणेश चौधरी
अध्यक्ष

(घ) कुनै प्रकोपका घटनामा परी घाईते भएका बिरामीहरुलाई उपचारकालागि जिल्ला अस्पताल वा नजिकको स्वास्थ्य केन्द्रमा लैजानु पर्ने घाइते गरिब असहाय वा आर्थिक अवस्था कमजोर रहेछ भने त्यस्तो घाइतेलाई अस्पताल लैजादाको एम्बुलेन्स खर्च भुक्तानी गरिनेछ ।

(ङ) मनसुनको समयमा बाढी, पहिरो, डुवान तथा कटान लगायतका कारण पूर्ण रुपमा घर क्षति भै घरवारविहिन हुने परिवारलाई नेपाल सरकारलाई तोके बमोजिम राहत प्रदान गराउन सम्बन्धित निकायसित समन्वय र सहजीकरण गर्ने ।

(च) कृषि, पशुपंक्षी क्षेत्रका लाभग्राही तथा विपतका बखत विशेषगरी सुत्केरी, गर्भवती, बालबालिका, किशोरहरु र अपाङ्गता भएका व्यक्तिहरु राहत दिनु पर्ने भएमा सम्बन्धित शाखाको सिफारिसमा उपयुक्त राहतको व्यवस्था गर्ने ।

(छ) बिपदबाट क्षति भएका घर,टहरा निर्माणका लागि प्रचलित नीति तथा कानुन बमोजिम जिल्ला वन कार्यालय एवं स्थानिय वन उपभोक्ता समिति मार्फत सहुलियत दरमा काठ उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

(ज) यसरी रकम उपलब्ध गराउँदा सम्बन्धित पिडित वा निजको नजिकको निबेदक,वडाको सिफारिस,प्रहरीको मुचुल्काको आधारमा उपलब्ध गराइने छ ।

(२) दफा ७ को उपदफा (१)मा जुनसुकै कुरा उल्लेख भए पनि विपत प्रभावितहरुको आवश्यकतालाई ध्यान दिइ विपद व्यवस्थापन समिति वा कार्यपालिकाको बैठकले निर्णय गरी राहत रकम वा अन्य वस्तुगत सहयोग उपलब्ध गराउन सक्नेछ । यसैगरी विशिष्ट प्रकारको विपदको लागि प्रदान गरिने राहत रकम वा जिन्सि सामान उपलब्ध गराउन विपदको लेखाजोखा गर्न गाउँपालिकाले प्राविधिक खटाउने छ र सो को आधारमा राहत वितरण गर्न सकिनेछ ।

**८. राहतका लागि पेश गर्नु पर्ने कागजातहरु:-**

(१) यस मापदण्ड बमोजिम राहत सहयोगको लागि पिडितले निम्न ढाँचामा निबेदन पेश गर्नु पर्ने छ:

(क) नगरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

(ख) मृतकको हकमा नजिकको हकवालाको नाता खुल्ने प्रमाणपत्रको प्रतिलिपी ।

(ग) वडा कार्यालयको सिफारीस पत्र ।

(घ) विपद् व्यवस्थापन समिति र राहत वितरण व्यवस्थापन समितिको निर्णयको प्रतिलिपी ।

(ङ) वडा प्रतिनिधिको रोहवरमा भएको प्रहरी मुचुल्का ।

नारायण बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत



२०८० |०५| १६
गणेश चौधरी
अध्यक्ष

(च) घटना संग सम्बन्धीत तस्वीरहरु ।

## ९. आपतकालीन आश्रयस्थल, गैर खाद्य र खाद्य सामाग्री

(१.) घरमुलीको ६ जनाको परिवारलाई आधार मानेर निम्नासुसारको राहत सामाग्री उपलब्ध गराइने छ ।

| सामाग्रीको नाम | इकाई | जम्मा |
|---|---|---|
| त्रिपाल | थान | २ |
| नाइलन डोरी | | १ |
| कम्बल | थान | २ |
| झुल | थान | २ |
| म्याट्रस | थान | २ |
| किचन सेट | सेट | १ |
| सारीको कपडा | | विपद् प्रभावित व्यक्तिहरुलाई आवश्यकताको आधारमा उपलब्ध गराउने |
| सर्टको कपडा | | |
| छिटको कपडा | | |
| पाप्लिन कपडा | | |
| झोला | | |

यसका अलावा अन्य सामानहरु जस्तै सोलार बत्ती, स्टोभ, तेल जस्ता सामाग्री पनि थप्न सकिनेछ

(२.) खाद्य सामाग्री ( तत्कालिन अवस्थामा -विपद् भएको ५ दिन सम्म पूर्ण खाद्य सामाग्री नभएको अवस्थामा )

| सामाग्री | इकाइ | मात्रा (प्रतिव्यक्ति प्रतिदिन) |
|---|---|---|
| चिउरा | ग्राम | २५० |
| चाउचाउ | प्याकेट | १ |
| बिष्कुट | प्याकेट | १ |
| चिनि | ग्राम | १०० |
| नुन | ग्राम | आवश्यकता अनुसार |

(३.) खाद्य सामाग्री (५ दिन पछि )

| सामाग्री | इकाई | १-५ जना सम्मको परिवार | ६-१० जना सम्मको परिवार | ११ जना भन्दा माथि भएको परिवार |
|---|---|---|---|---|
| चामल | केजी | २५ | ५० | ६० |
| दाल | केजी | १ | २ | २.५ |
| तेल | लि | १ | २ | २.५ |



नारायण बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

२०८०।०५।१६
गणेश चौधरी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| नुन | केजी | १ | २ | २ |
| खुर्सानी धुलो | ग्राम | १०० | १५० | २०० |
| बेसार धुलो | ग्राम | १०० | १५० | २०० |
| मसला | ग्राम | १०० | १५० | २०० |
| हात धुने साबुन | थान | २ | ४ | ४ |

(४) मानवीय सहयोग मापदण्ड प्रभावितहरुको पहुँच निम्न वस्तुमा हुनेछ :

प्रति व्यक्ति प्रति दिन न्यूनतम २,१०० क्यालोरी प्राप्त हुने गरी खाद्यान्न सम्भव भएसम्म निश्चित समूहका व्यक्तिहरुका ( साना बालबालिका, एच.आई.भी. भएका, कुपोषित व्यक्तिहरु आदि ) लागि उनीहरुको आवश्यकतालाई पूरा गर्न सामान्य रासनका अतिरिक्त परिपूरक रासनको व्यवस्था गर्न सकिने

## १०. राहतको तयारी, व्यवस्थापन तथा वितरण सम्बन्धी प्रकिया

(१) स्थानीय बडघर समितिहरुले लाभग्राहीहरुलाई सूचीकरण गरी वडास्तरीय बडघर समितिको निर्णय बमोजिम राहत वितरण गर्ने व्यवस्था मिलाइनेछ । विपद्को अवस्था अनुसार राहत प्राप्त गर्ने व्यक्तिको विवरण तत्काल संकलन गरिनेछ । तत्कालीन अवस्थामा राहत प्राप्त गर्न योग्य व्यक्तिको सूची एक दिनमा नै तयार गर्नुपर्नेछ । विषयगत क्षेत्रको राहतको लागि सूचीलाई परिमार्जन गर्न सकिनेछ ।

(२) बडघर समितिले संकलन गरेको विवरणलाई वडा स्तरीय विपद् व्यवस्थापन समितिले पुनरावलोकन गरी राहत प्राप्त गर्नु नपर्ने परिवारलाई हटाई छुटेका परिवारलाई पारदर्शी रुपमा समावेश गर्नेछ । यसको लागि विपद्को प्रभावको आधारमा वडाले प्रारम्भिक राहतको लागि एकदिन भित्र पुनरावलोकन गर्नेपर्नेछ । यद्यपि जीवन सुरक्षा गर्ने सम्बन्धी राहत कार्य अन्तिम सूची आइनपुग्दै पनि गरिनेछ ।

(३) वडास्तरीय विपद् व्यवस्थापन समितिले बुझाएको राहत प्राप्त गर्ने विवरणलाई पालिकास्तरीय राहत व्यवस्थापन तथा वितरण समन्वय समितिले पुनरावलोकन गर्न सक्नेछ ।

(४) मानवीय क्षति तथा आश्रस्थलको क्षति अनुसार प्रदान गरिने भनिएको राहत रकम गाउँपालिका स्तरीय राहत व्यवस्थापन तथा वितरण समन्वय समिति मार्फत गरिनेछ ।

(५) विषयगत क्षेत्रको राहत सामाग्री उपलब्ध हुने र भण्डारण गर्ने प्रक्रिया विषयगत क्षेत्रमा कार्यरत सदस्यहरुले उपलब्ध गरउने छन् ।

(६) आवश्यकता अनुसार पालिकाको राहत सामाग्री कक्षमा राहत संकलन गरिनेछ ।

(७) आपतकालीन कार्यसंचालन केन्द्रले नदोहोरिने किसिमबाट राहत वितरण योजना तयार गरिनेछ ।

(८) बन्दोवस्ती विषयगत क्षेत्रको अगुवाईमा र विषयगत क्षेत्रको समन्वयमा विषयगत क्षेत्रसँग सम्बन्धित राहत वितरण कार्य सम्पन्न गरिनेछ ।

नारायण बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत



२०८०/०४/१६
गणेश चौधरी
अध्यक्ष

(९) अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा राहत वितरण केन्द्रमा आउन नसक्ने व्यक्तिको लागि घरमा नै राहत सामाग्री उपलब्ध गराइनेछ ।

(१०) राहत वितरण पश्चात राहत सामाग्री माथि लाभाग्राहीको सन्तुष्टि मापन गर्न सर्वेक्षण गरिने छ र त्यसबाट प्राप्त नतिजालाई आगामी दिनहरुमा राहत वितरण गर्दा ध्यान दिइने छ ।

(११) दातृ निकाय,मानबीय सहायता संस्था वा कुनै प्रकृतिको गैर सरकारी संस्थाले राहत बितरण गर्दा राहत बितरण योजना गाँउपालिकामा पेश गर्नु पर्नेछ ।

## ११. कारवाही सम्बन्धी व्यवस्था

(१) यस मापदण्डमा तोकिएको अवस्था पूरा नभएको व्यक्तिले झुट्टा विवरण गरी राहत लिनु वा दोहोरो राहत दिनु हुँदैन ।

(२) यस मापदण्डको प्रतिकुल हुने गरी राहत वितरणको लागि सिफारिस गर्ने पदमधिकारीलाई समेत प्रचलित कानुन बमोजिम कारवाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीबाट निजले सिफारिस गरेको हदसम्मको रकम निजबाट असुल गरिनेछ ।

## १२. राहत वितरण सम्बन्धी अभिलेख राख्नुपर्ने

राहत वितरण भएको विवरणको अभिलेख वडा समिति कार्यालय मार्फत आपतकालीन कार्यसंचालन केन्द्रमा राखेछ र सो को विवरण आवश्यकता अनुसार जिल्ला, प्रदेश तथा केन्द्रिय विपद् व्यवस्थापन समितिलाई उपलब्ध गराइनेछ ।

## १३. विविध

आपतकालीन अवस्थामा राहत वितरण गर्दा अन्तराष्ट्रिय अभ्यास अनुसार राहतको लागि नगद उपलब्ध गराउन प्रयास गरिनेछ । यद्यपि जिन्सी सामान उपलब्ध गराउने निर्णय भएमा आपतकालीन अवस्थाको लागि प्रचलित कानुनको अधीनमा रही छिटोभन्दा छिटो राहत सामाग्री उपलब्ध गराइनेछ ।

## १४.बाधा अडकाउ फुकाउने अधिकार

यस मापदण्ड कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ परेमा गाँउ कार्यपालिकाले त्यस्तो बाधा हटाउनेछ ।
यस मापदण्ड नेपालको संविधान र अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

## १५. खारेजी र बचाउ

(१) राहत सहयोग सम्बन्धी यस पूर्व गाउँ कार्यपालिकाले गरेका निर्णयहरु यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

(२) यस मापदण्ड नेपालको संविधान र अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

नारायण बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

२०७७/०४/१६
गणेश चौधरी
अध्यक्ष